# नेपाल इञ्जिनीयर्स एशोसीएसन

## जापान – केन्द्रको

## विधान

## २०६२

## (प्रथम संशोधन २०६६)

**Nepal Engineers Association**

**Japan - Center**

**Constitution**

**2005**

**(First Revision 2010)**

# प्रस्तावना

नेपाल इन्जिनीयर्स एशोसीएसनको तेस्रो संशोधित विधानको दफा १३ को उपदफा २ को (ख) बमोजिम नेपाल इन्जिनीयर्स एशोसीयएनको केन्द्र खोल्ने सम्वन्धमा, सो एशोसीयसनको केन्द्रिय कार्यकारिणी परिषदबाट मिति २०५९।१२।१० तद्अनुसार २४ मार्च २००३ मा जापानमा नेपाल इन्जिनीयर्स एशोसीएसनका सदस्यहरुको बीचमा एउटा केन्द्र खोल्नका लागि प्राप्त औपचारिक स्विकृति अनुसार नेपाल इन्जिनीयर्स एशोसीएसन जापान-केन्द्र स्थापना गरिएको छ।

नेपाल इन्जिनीयर्स एशोसीएसनको विधान अन्तर्गत रही जापानमा अध्ययनरत वा कार्यरत नेपाली इन्जिनीयरहरुका बीचमा पेशागत हित र समुन्नतिका लागि आपसी सहयोग र सुसम्वन्ध अभिवृद्धि गरी नेपालको सर्वाङ्गीण विकासको काममा नेपाली इन्जिनीयर समुदायको भूमिका प्रभावशाली बनाउनका लागि यस केन्द्रको स्थापना गरिएको हो।

यो विधान जापानमा अध्ययनरत वा कार्यरत नेपाली इन्जिनीयरहरुको मिति २०६२।०५।०४ देखि २०६२।०५।१२ सम्म तद्अनुसार १८-२६ मे २००५ को ई-भेलाबाट पारीत भई नेपाल इन्जिनीयर्स एशोसीएसन केन्द्रिय कार्यकारिणी परिषदबाट अनुमोदन भई लागू गरिएको हो।

# दफा १

## नाम, ठेगाना र उद्देश्यहरु

### १. नाम

यस संस्थाको नाम "नेपाल इन्जिनीयर्स एशोसीएसन, जापान-केन्द्र" र अंग्रेजीमा "Nepal Engineers Association, Japan-Center" रहने छ।

### २. ठेगाना

यस संस्थाको सचिवालय कार्यकारिणी समितिले अन्यथा निर्णय गरेमा बाहेक कार्यकारिणी समितिको सचिवको कार्यकक्ष (अफिस वा बासस्थान) मा रहने छ।

### ३. उद्देश्यहरु

यस संस्थाका उद्देश्यहरु देहाय बमोजिम हुनेछन्ः

क. नेपाल इन्जिनीयर्स एशोसीएसनको बिधानमा उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्नका लागि कार्यरत रहने।

ख. नेपाल इन्जिनीयर्स एशोसीएसनको बिधानमा उल्लेखित काम, कर्तब्य र अधिकारहरु (जस्तैः केन्द्रिय चुनाउमा मत जाहेर गर्ने) उपभोग गर्ने।

ग. ईञ्जिनीयरिङ पेशासँग सम्बन्धित बिभिन्न अन्तराष्ट्रिय संघ, संस्थाहरु बीच नेपाल इन्जिनीयर्स एशोसीयसनको संबन्ध अभिवृद्धि गरी पेशागत सञ्जाल निर्माण गर्नका लागि कार्यरत रहने।

घ. ईञ्जिनीयरिङ पेशासँग सम्बन्धित विषयहरुमा बिभिन्न कार्यक्रमहरु (जस्तै, सामुहिक भेला, बौद्धिक गोष्ठी, सभा, सेमिनार तथा प्रकाशनहरु) को माध्यमबाट पेशागत ज्ञान र सीपको अभिवृद्धि तथा आदन-प्रदान गरी नेपालको राष्ट्रिय बिकासमा योगदान पु¥याउन कार्यरत रहने।

# दफा २

## केन्द्रको सदस्यता, सदस्यता शुल्क र सदस्यता समाप्ति

### १. केन्द्रको सदस्यता

१. यस केन्द्रको सदस्य हुनको लागि नेपाल ईञ्जिनीयर्स एशोसीएसनको सदस्य भएको हुनुपर्नेछ।

२. नेपाल ईञ्जिनीयर्स एशोसीएसनको सदस्य हुन र सदस्यता नवीकरणको लागि आबश्यक कागजात र दस्तुर सहित यस केन्द्रबाट पनि निबेदन दिन सकिनेछ। पत्राचार गर्दा लाग्ने खर्च निवेदक स्वयंले बेहोर्नु पर्नेछ ।

३. यस केन्द्रको सदस्य हुन इच्छुक निवेदकले कार्यकारिणी समितिले तयार पारेको फर्म भरी आबश्यक दस्तुर सहित निवेदन दिनुपर्नेछ।

### २. सदस्यता शुल्क

१. यस केन्द्रको सदस्यता शुल्क यसै बिधान अन्तरगत बनेको कार्यकारिणी समितिले तोके बमोजिम हुनेछ।

### ३. सदस्यता समाप्ति

निम्न अबस्थामा यस केन्द्रको सदस्यको सदस्यता समाप्त हुनेछः

१. जापानमा नबसेमा।

२. केन्द्रको उदेश्य र भावना बिपरित यस केन्द्रलाई आधात पुग्ने काम गरेमा।

३. सदस्य आफैंले सदस्यता खारेज गर्न चाहेको ब्यहोरा सहितको निबेदन दिई कार्यकारिणी समितिले स्विकार गरेमा।

४. जापानमा प्रचलित कानुन बमोजीमको कुनै पनि अपराध गरेको प्रमाणित भएमा।

५. कुनै पनि कारणबस नेपाल ईञ्जिनीयर्स एशोसीएसनको सदस्यता समाप्त भएमा ।

# दफा ३
# संगठनः कार्यकारिणी समिति

### १. पदाधिकारी र सदस्यहरु

केन्द्रको कार्य सञ्चालन र प्रवर्धनको निमित्त देहाय अनुसारको पदाधिकारी र सदस्यहरु भएको एक कार्यकारिणी समिति रहने छ।

| | | |
|---|---|---|
| अध्यक्ष | – | १ |
| उपाध्यक्ष | – | १ |
| सचिव | – | १ |
| कोषाध्यक्ष | – | १ |
| सदस्यहरु | – | ३ |
| | जम्मा ७ जना | |

### २. निर्वाचन

क. यस केन्द्रको कार्यकारिणी समितिका पदाधिकारी र सदस्यहरुको निर्वाचन एशोसीएसनका सदस्यहरु मध्येबाट एक पद एक मताधिकारको आधारमा गोप्य मतदानद्धारा बहुमतको निर्णयबाट गरिनेछ। अध्यक्ष र सचिव पद बाहेकको लागि उम्मेदवारी नभएमा (निर्वाचित) अध्यक्षको सिफारिसमा कार्यकारिणी पदाधिकारी र सदस्यहरुको बहुमतले मनोनयन गर्न सक्नेछन्। अध्यक्ष र सचिव पदको हकमा भने कसैको उम्मेदवारी नभएमा पुनः निर्वाचन नै गर्नु पर्नेछ।

ख. जापानको जुनसुकै क्षेत्रमा बसोबास गर्ने भए पनि यस केन्द्रका सदस्यहरुलाई कार्यकारिणी समितिको कुनै पनि पदका लागि उम्मेदवार हुन बन्देज रहने छैन।

ग. मतदान प्रकृया कुनै पनि ईलेक्ट्रोनिक माध्यम (ईमेल, ईन्टरनेट, फ्याक्स, फोन) वा

हुलाकको माध्यमवाट पनि गर्न सकिने छ। हुलाकवाट गरिदा कम्तिमा १ हप्ता मनोनयनको लागि र कम्तिमा २ हप्ता मतदानको लागि दिनु पर्नेछ। यो प्रकृया केन्द्रिय कार्यसमितिको चुनाउको हकमा पनि लागू हुनेछ।

घ. कार्यकारिणी समितिको पदाधिकारी भई एउटै पदमा लगातार २ पटकको पदावधि पुरा गरी सोही पदका लागि लगातार तेश्रोपटक निर्वाचनमा उम्मेदवार हुन पाउने छैन। तर कार्यकारिणी समिति सदस्यको हकमा भने यो बन्देज रहने छैन ।

**३. पदावधि**

कार्यकारिणी समितिको पदावधि सामान्यतया १ वर्षको हुनेछ। असामान्य परिस्थितिमा बाहेक साधारणतया प्रत्येक वर्ष मे महिनाको १ तारिकमा नयाँ कार्यकारिणी समितिले कार्य सुरु गरिसक्नु पर्नेछ।

**४. कर्तब्य र अधिकार**

**क. कार्य समिति**

अ. केन्द्रको साधारण सभाको नीति निर्देशन अन्तर्गत रहि तथा केन्द्रिय कार्यलयसंग समन्वय राखी केन्द्रको उद्देश्य प्राप्तिको लागि कार्यरत रही काम गर्नु पर्नेछ।
आ. केन्द्रको दैनिक कार्य सञ्चालन गर्नुपर्नेछ।
इ. यस केन्द्रको साधारणसभा प्रति उत्तरदायी रहने छ।

ई. केन्द्रको उद्देश्य प्राप्ति तथा समुन्नतिको लागि विभिन्न कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्नु पर्नेछ।

उ. केन्द्रिय कार्यालयसंग नियमित सम्वन्ध कायम राखी यस केन्द्र र एशोसीएसनको केन्द्रीय कार्यालयको गतिविधिहरुको आदान प्रदान गर्नुपर्नेछ।
ऊ. केन्द्रको कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गर्न सहयोग पुग्ने खालका समसामयिक सुचना, सामाग्री आदिको संकलन गर्ने।
ए. अन्तराष्ट्रिय क्षेत्रमा उपलव्ध पेशागत, समसामयिक बौद्धिक तथा प्राज्ञिक विकासको

सम्वन्धमा केन्द्रका साधारण सदस्यहरुलाई सुसूचित गराउने।

ऐ. यसै बिधानको दफा २ को उपदफा २ (ग) मा उल्लेखित माद्यामबाट यस केन्द्रका सदस्यहरुको बिचमा नेपाल ईञ्जिनीयर्स एशोसीयसन केन्द्रिय पदाधिकारिको लागि हुने चुनाउ सम्पन्न गराउने र नतिजा नेपाल ईञ्जिनीयर्स एशोसीयसनलाई जाहेर गर्ने।

ओ. यस केन्द्रको कार्यकारिणी समितिको वैठक वर्षको कम्तिमा पनि ४ पटक गर्नुपर्नेछ। बैठक ईमेल वा वेबको माध्यमबाट गर्न सकिनेछ।

औ. कम्तिमा वर्षको १ पटक केन्द्रको साधारण–सभा बोलाउनु पर्नेछ।

अं. कार्यसमितिको कार्यावधि समाप्त हुनु भन्दा कम्तिमा २० दिन अगाडि चुनाउ आचारसँहिता र निर्देशन सहित यसै केन्द्रका साधारण सदस्यहरु मध्येबाट एक ३ सदस्यीय चुनाव आयोग गठन गरी नयां कार्यसमितिको चुनाउको प्रकृया सुरु गर्नु पर्नेछ।

## ख. केन्द्रका पदाधिकारीको कर्तव्य एवं अधिकार

### अ. अध्यक्ष

१. केन्द्रको वैधानिक प्रमुखको रुपमा नेतृत्व प्रदान गर्ने।
२. केन्द्रको प्रतिनिधित्व गर्ने।
३. केन्द्रको कुनै पनि वैठक सभामा कुनै कुरामा निर्णय गर्दा मत वरावर भएमा निर्णायक मत दिने।
४. आफू वा केन्द्र विरुद्धको अविश्वासमा छलफल हुने साधारण सभामा वाहेक केन्द्रको साधारण सभामा अध्यक्षता गर्ने।
५. केन्द्रको उद्देश्य, क्रियाकलाप, एशोसीएसनको विधानको आसय अनुसार काम भए नभएको रेखदेखका साथै कार्यान्वयनको पूर्ण जिम्मेवारी वहन गर्ने।
६. केन्द्रको वैठक बोलाउने निर्देशन तथा स्विकृति दिन सक्ने।

७. यस केन्द्रको विधान तथा यस अन्तरगत बनेको नियम उप–नियमले दिएको अधिकारको उपयोग तथा कर्तव्यको पालना गर्ने।

८. आफ्नो केहि वा सम्पूर्ण अधिकार र आफ्नो उत्तरदायित्वको कुनै काम उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्ने ।

९. आफ्नो कार्यसमितिको पदावधिको अन्तमा आफ्नो र केन्द्रका पदाधिकारीको जिम्मामा रहेको नगद तथा जिन्सी व्यहोरा नयां कार्यसमितिका पदाधिकारीहरुलाई जिम्मेवारी हस्तानान्तरण गर्नु पर्नेछ।

**आ. उपाध्यक्ष**

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षका सम्पूर्ण अधिकार र दायित्व निर्बाह गर्ने।

२. अध्यक्षले प्रत्यायोजन गरेको अधिकार र दायित्व बहन गर्ने।

३. केन्द्रका सदस्यहरुको लगत राख्ने र अध्यावधिक गर्ने ।

४. उचित कारण देखाई अध्यक्षले दिएको राजिनामा कार्यकारिणी समितिले स्वीकृत गरेमा रिक्त पदमा बाँकि पदावधिको लागि अध्यक्षको हैसियतमा यसै बिधानको दफा ३ खण्ड ४ ख (अ) मा उल्लेखित सम्पूर्ण अधिकार र दायित्व निर्बाह गर्ने।

**इ.** सचिव

१. अध्यक्षको राय समेत लिई दैनिक कार्य सञ्चालन गर्ने।

२. सधारणसभा एवं केन्द्रका नीति निर्देशन तथा कार्यक्रम कार्यान्वयन गर्ने।

३. साधारणसभामा वार्षिक प्रतिवेदन तथा कार्यक्रमहरु पेश गर्ने।

४. अध्यक्षलाई सभा अगावै केन्द्र सम्वन्धि सम्पूर्ण गतिविधिको पूर्ण जानकारी दिने।

५. अध्यक्षको परामर्श एवं स्वीकृतिमा सभा वैठक आदि वोलाउने र सञ्चालन गर्ने।

६. केन्द्रको वैठकका लागि प्रस्ताव सहितको सुचना केन्द्रका सदस्यहरुलाई दिने।

७. केन्द्रको विभिन्न सभा वैठकमा भएका आदेश तथा निर्णयहरुको माईन्यूट कायम राख्ने।

८. केन्द्रको तर्फबाट पत्र व्यवहार गर्ने।

९. यस केन्द्रका कार्यक्रम तथा गतिविधिहरुको वारेमा यस केन्द्रका साधारण सदस्यहरु तथा सम्वन्धित सवैलाई उपलव्ध संचार माद्याम उपयोग गरी जानकारी एवं प्रचार प्रसार गर्ने।

११. यस केन्द्रको विधान तथा सो अन्तर्गत वनेको यस नियम उप–नियममा उल्लेखित अधिकारको उपयोग र पालना गर्ने।
१२. आफ्नो कार्यावधिको अन्तमा आफ्नो जिम्मामा रहेका दस्तावेज, कागजात तथा अन्य व्यहोरा नवनियुक्त सचिवलाई हस्तानान्तर गर्नुपर्नेछ।

**ई. कोषाध्यक्ष**

१. केन्द्रको सम्पतिका साथै कोष तथा लेखा सम्वन्धि सम्पूर्ण उत्तरदायित्व वहन गर्ने।
२. केन्द्रको वार्षिक वासलात केन्द्रको कार्यकारिणी समिति मार्फत साधारणसभामा पेश गर्ने। केन्द्रको वार्षिक वजेट कार्यकारिणी समितिको परामर्शमा तर्जुमा गर्ने।
३. कार्यकारिणी समितिको वैठकमा केन्द्रको आर्थिक स्थिति पेश गर्ने।

४. आफ्नो कार्यावधिको अन्तमा आफ्नो जिम्मामा रहेको आर्थिक (नगद तथा जिन्सी) व्यहोरा नवनियुक्त कोषाध्यक्षलाई हस्तानान्तर गर्नु पर्नेछ।

**उ. सदस्य**
१. कार्य समितिको बैठकमा भाग लिई आफ्नो राय तथा मत जाहेर गर्ने ।
२. कार्य समितिले जिम्मा दिएको कार्य सम्पादन गर्ने ।

**३.५ पदावधि समाप्ति**

अ. यस केन्द्रको सदस्य नरहेमा कार्यकारिणी समितिका पदाधिकारीहरुको पदाबधि स्वतहः खारेज हुनेछ।
आ. अध्यक्ष वाहेक अन्य पदाधिकारीले उचित कारण देखाई अध्यक्षलाई सम्बोधन गरी कार्यकारिणी समिति समक्ष राजिनामा दिन सक्नेछन्। कार्यकारिणी समितिको समेत सल्लाहमा अध्यक्षले उक्त कारण उचित लागेमा नीजको राजिनामा स्वीकृत गर्न सक्नेछन्। सचिवको हकमा कार्यकारिणी समितिको बहुमतको आधारमा समिति भित्रैबाट रिक्त पदहरुमा मनोनयन गर्नुपर्नेछ भने अन्य पदहरुमा अध्यक्षको सिफारिसमा कार्यकारिणी पदाधिकारी र सदस्यहरुको बहुमतले मनोनयन गर्न सक्नेछन्।

इ. अध्यक्षले उचित कारण देखाई कार्यकारिणी समिति समक्ष राजिनामा दिन सक्नेछन् । राजिनामाको बेहोरा केन्द्रका सदस्यहरूलाई पनि सूचित गराउनु पर्नेछ । कार्यकारिणी समितिले वहुमतको आधारमा उक्त राजिनामा स्वीकृत गर्नेछ र उपाध्यक्षलाई जिम्मेवारी सुम्पिनेछ । उचित कारण देखाई उपाध्यक्षले जिम्मेवारी नलिएमा कार्यसमिति भित्रैबाट बहुमतको आधारमा १ जनालाई उक्त जिम्मेवारी दिइने छ।

ई. यसै बिधानको दफा ४ को उपदफा ४ मा उल्लेखित गणपूरक संख्याको उपस्थिति रहेको साधारण–सभाको दुई–तिहाई सदस्यहरुको वहुमतद्धारा कार्यकारिणी समितिका कुनै पनि पदाधिकारीलाई अविस्वासको प्रस्तावद्धारा हटाउन सकिनेछ । यो प्रकृयाबाट रिक्त पदहरुमा त्यहि साधारण–सभाको बहुमतले बाँकि अवधिका लागि केन्द्रका सदस्यहरुबाट मनोनयन गर्नेछ ।

## दफा ४
## साधारण–सभा

### १. परिभाषा र अधिकार

केन्द्रका सबै सदस्यहरुको समुहलाई साधारण–सभा भनिनेछ जुन केन्द्रको सर्वोच्च अङ्ग हुनेछ। यो सभा साधारणतया ईमेल वा वेबको माध्यामबाट गर्न सकिनेछ।

### २. साधारण–सभाको प्रकार

क. बार्षिक साधारण–सभा: वर्षको एकपटक वार्षिक साधारण–सभा बस्नेछ। यस्तो सभाको लागि सभा हुनु भन्दा घटिमा ७ दिन अगावै कार्यकारिणी समितिले सभामा छलफल हुने बिषय समेत समावेश गरी सबै सदस्यहरुलाई सूचना दिनु पर्नेछ।

ख. विशेष सधारण–सभा: बार्षिक साधारण–सभा भन्दा भिन्न समयको बिशेष परिस्थितिमा (जस्तै: अविस्वासको प्रस्ताव, विधान संशोधन) कार्यकारिणी समितिले कम्तिमा ७ दिनको अग्रिम सूचना दिएर विशेष साधारण–सभा बोलाउन सक्नेछ। विशेष सधारण–सभा कार्यकारिणी समितिको दुई–तिहाई बहुमतले आबस्यक ठानेमा अथवा यस केन्द्रका सम्पूर्ण सदस्यहरुको २५ प्रतिशत सदस्यहरुले उचित कारणसहित माग गरेमा, माग गरेको बढिमा १५ दिन भित्र, बिशेष साधारण–सभा बोलाउनु पर्नेछ।

### ३. साधारण–सभाको समयाबधि

साधारण–सभाको समयाबधि कार्यकारिणी समितिले तोके बामोजिम, बढिमा १० दिनको, हुनेछ।

## ४. गणपूरक संख्या

१. वार्षिक साधारण–सभामा सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ। तोकिएको समयाबधि भित्र गणपूरक संख्या अपुग भएमा कार्यकारिणी समितिले समयाबधि, बढिमा ३ दिन, बढाउन सक्नेछ। बढाइएको समयाबधि भित्र पनि गणपूरक संख्या नपुगेमा जतिसुकै संख्यामा उपस्थिति भए पनि त्यो बार्षिक साधारण–सभालाई वैध मानिनेछ।

२. विशेष साधारण–सभाको हकमा सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५० प्रतिशत सदस्यहरुको उपस्थिति आवश्यक हुनेछ। बिशेष सधारण–सभाको हकमा तोकिएको समयभित्र गणपूरक संख्या नपुगेमा त्यस्तो बिशेष साधारण–सभा स्बतहः खारेज हुनेछ।

३. वेवबाट गरिने साधारण-सभा (बार्षिक वा बिशेष) को हकमा ईलेक्ट्रोनिक प्रतिकृयाको आधारमा एक जनाबाट जतिसुकै संख्यामा प्रतिकृया आए पनि एक वटाको दरले उपस्थिति गनिने छ।

## दफा ५
## विधान संशोधन

१. यस विधानको संशोधन यसै विधानमा तोकिएको गणपूरक संख्याको उपस्थिति रहेको साधारण-सभाको दुई-तिहाई वहुमतबाट गर्न सकिने छ।

२. यो बिधान सम्बन्धि कुनै बिबाद उठेमा नेपाल ईन्जिनीयर्स एशोसीयसनको प्रचलित बिधान बमोजीम हुनेछ।

........................................................................

### प्रथम संशोधन

यस केन्द्रको मिति २०६६।१२।२० देखि २०६६।१२।२५ (तद्अनुसार अप्रिल २-७, २०१०) सम्म सम्पन्न बार्षिक सधारण सभामा सर्वसम्मत रूपमा पारित भए अनुसार यस केन्द्रको अङ्ग्रजी नाम Nepal Engineers’ Association – Japan Chapter लाई संशोधन गरी Nepal Engineers’ Association – Japan Center बनाइएको हो ।